# तिर्खाइरहेका ओठहरू

चन्द्र कान्त आचार्य

नेपालको एउटा सानो गाउँमा जन्मेका गोपाल सानैदेखि महत्त्वाकांक्षी थिए। स्कूलमा सँगै पढ्ने जीवन उनका अभिन्न भित्र थिए। यिनीहरू पढ्ने, खेल्ने र अन्य जुनसुकै कार्य पनि सँगै गर्दथे। जीवन पढाइमा अलि तीक्ष्ण थिए र उनी गणितका कठिन प्रश्नहरू सजिलैसँग हल गर्दथे भने गोपाललाई धेरै कुरामा जीवनको मद्दत लिनुपर्दथ्यो। सुस्तसुस्त जीवन र गोपाल दुवैजनाले कविता लेख्ने अभ्यास गर्न थाले। जीवनका कविता स्कूलमा सबैले रुचाउँथे भने गोपालका कवितामा कसैले रुचि राख्दैनथे। त्यसो हुँदा गोपालले कवितामा पनि जीवनको मद्दत लिन थाले। एकपटक मद्दत लिने बहानामा जीवनले लेखेको कविता नै गोपालले आफ्नो नाममा काठमाडौंबाट प्रकाशित हुने एउटा साहित्यिक पत्रिकामा छपाएका हुँदा गोपालको धुर्त्याइँ गाउँमा सबैले बुझिसकेका थिए। तर पनि जीवनले गोपाललाई आत्मीय मित्रको रूपमा स्नेह गर्दै रहे। पछि गोपाल काठमाडौं गएर बोर्डिङ स्कूलमा पढ्न थाले भने जीवनले गाउँकै स्कूलबाट प्रथम श्रेणीमा एस्एल्सी पास गरे। गोपालको अंग्रेजी राम्रो भएको र काठमाडौंमा विभिन्न माध्यमबाट विदेश जाने अवसर खोज्न सजिलो भएकाले बाह्र क्लाससम्मको अध्ययनपछि आंशिक छात्रवृत्ति पाएर उनी अध्ययनको साथै काम गर्ने उद्देश्यले संयुक्त राज्य अमेरिका गए भने जीवनले आफ्नै जिल्ला सदरमुकाममा रहेको क्याम्पसमा पढेर बीए पास गरी गाउँकै स्कूलमा अध्यापन कार्य शुरु गरे।

धेरै वर्षपछि गाउँको पुस्तकालय भवनको उद्घाटन समारोहमा गोपाल र जीवन सँगै देखिए। यस लामो समयको अन्तरालमा गोपालले विदेशमा बसेर धेरै प्रगति गरिसकेका थिए। उनले संयुक्त राज्य अमेरिकामा स्थायी रूपले बसेर काम गर्ने अनुमति पाएर राम्रो काम गर्न लागेका थिए। तर पनि उनी नेपाल आइरहने र आएको बेलामा गाउँमा आउने गर्दथे। अलि सानो उमेरमा नै बिहे भएको र उनले आफ्नी श्रीमती मीनालाई मन नपराएको कुरा गाउँमा चर्चाको विषय बनेको थियो भने उनी आएको बेलामा दिनभरि गाउँमा बसे पनि वास बस्न सदरमुकामको होटलमा जाने गरेका घटनाले अमेरिका गएपछि उनी घर परिवारमा घुलमिल हुन नसकेको कुरा पुष्टि भएको थियो। अहिलेको पटक उनले काठमाडौंबाट गाडी लिएर आएका थिए र दिनभरि घुमेर बेलुकी सदरमुकाम जान उनलाई सजिलो भएको थियो।

त्यस गाउँको पुस्तकालय भवन एकजना जापानी युवती 'योको' को सहयोगमा निर्मित भएको थियो र उद्घाटन समारोहको लागि उनी जापानबाट आएकी थिइन्। उनी काठमाडौंमा आएको बेलामा यसै गाउँका एकजना युवकसँग प्रेम परेर उसैसँग बिहे गरेकी र पछि त्यस युवकलाई जापान लिएर गएकी हुँदा उनी कहिले आफ्ना पतिसँगै र कहिले एक्लै यस गाउँमा आउने गरेकी थिइन्। नेपाली राम्रो बोल्न सक्ने ती युवतीले अन्य धेरै सामाजिक कार्यमा गाउँलेहरूलाई मद्दत गरेकी हुँदा गाउँलेहरू उनलाई सारै माया गर्दथे। उनको मायालु सान्निध्यमा रहन गाउँलेहरूलाई मन पर्ने हुँदा उद्घाटन समारोहमा धरैजना सहभागी भए। विशाल जनसभाजस्तै भएकाले भित्र हलमा गर्न नमिलेर बाहिर चौरमा नै समारोहको आयोजना गरियो। कार्यक्रम शुरु गर्दै जीवनले आफ्ना पुराना मित्र गोपाललाई समारोहको अध्यक्षता ग्रहण गरिदिन मञ्चमा बोलाए भने गाउँका अन्य तीनजना पाका मानिस र प्रमुख अतिथिको रूपमा योकोलाई मञ्चमा बोलाए।

उद्घाटनपछि मन्तव्य प्रकट गर्ने समयमा सहभागी वक्ताहरू प्रमुख अतिथि योकोले यस गाउँप्रति देखाएको माया र सहयोगको बखान गर्दै थिए भने उनको छेउमा मेचमा बसेका गोपालले योकोको शरीरको सुन्दरतामा आँखा गाडेका थिए। 'यति राम्री जापानी परी यसै गाउँका युवकले सजिलै भेटायो भने अमेरिका बसेर त्यति धेरै पैसा कमाएको मजस्तो सुन्दर युवकले अहिलेसम्म कुनै राम्री केटी भेटाउन किन सकिन ?' भन्ने सोचाइले आफ्नो भाग्यलाई नै दोष दिँदै ती जापानी परीबाट आँखा न हटाएर गोपाल भावुक बनिरहे।

अन्य वक्ताहरूको बोल्ने क्रम सकिएपछि प्रमुख अतिथिलाई बोल्न अनुरोध गरियो र योको बोल्नको लागि माइकसामु पुगिन्। स्पष्ट नेपाली उच्चारण गर्दै उनले आफ्ना कुरा भन्न थालिन् :

"प्रिय मित्रहरू, मैले तपाईंहरू सबैबाट धेरै माया पाएकी छु। तर तपाईंहरूमध्ये एकजना व्यक्तिमा मैले मायामात्र होइन, मानवता पनि भेटाएकी छु। मैले यो भवन बनाउन केही रकम अवश्य प्रदान गरैं, तर कसैले त्यस निर्माण कार्यमा आफ्नो मन नै अर्पेको देखेकी छु। म एकपटक यसको निर्माण भइरहेको समयमा अचानक यहाँ आइपुग्दा तपाईंहरूका

प्रधानअध्यापकले आफ्ना विद्यार्थीहरूलाई चौरमा राखेर गणितका प्रश्नहरू हल गर्न मद्दत गर्दै आफूले ढुंगा बोकेर डकर्मीहरूलाई पुग्न दिएको दृश्यले मलाई द्रवित गराएको हो । यस देशका गणितका शिक्षकहरूले ट्युसन पढाएर थुप्रै पैसा कमाएको कुरा पनि मैले सुनेकी छु तर गणितका अप्ठ्यारा प्रश्न हल गरिदिँदै ढुंगा बोकेर निर्माण कार्यमा मद्दत गर्ने शिक्षक पनि तपाईंहरूबीच नै भएकाले मैले तपाईंहरूको देशलाई 'मानवताले वास गरेको देश' भनेर जापानमा बखान गर्ने गरेकी छु । त्यसैले यस देशका 'मानव' लाई तपाईंहरू सबैको सामु माया प्रकट गर्न म अनुमति माग्दछु" भन्दै योकोले नजिकै उभिएका जीवनलाई आफू नजिक बोलाइन् र धन्यवादका शब्दसहित दुवै हात उठाएर उनलाई अँगालोमा कँसिन् । सहभागी सबैले जोडदार ताली बजाएर खुसियाली प्रकट गरे ।

यन्त्रजस्तै स्थिर रहेर यो सबै प्रक्रिया हेरिरहेका गोपाललाई ताली बजाउने होस पनि आएन र उनको निधारमा देखिएका पसिनाका कणहरूले उनको असामान्य स्थितिको जानकारी दिइरहे । तर कसैलाई पनि उनको अनुहारमा दृष्टि पुऱ्याउने फुर्सद थिएन । योकोको त्यस मायालु व्यवहारपछि पुलकित भएका जीवनले उनले प्रकट गरेको माया आफ्नो गाउँको माटोले समेत प्राप्त गरेको कुरा टिप्पणीको रूपमा प्रस्तुत गर्दै अब अध्यक्षको मन्तव्यसहित निजबाट नै सभा विसर्जन हुने कुराको जानकारी गराएर गोपाललाई बोलाए । तर, यतिबेलासम्म गोपाल मनमनै आफ्नो योजना बनाउन सफल भइसकेका थिए । उनले पहिले यस गाउँका कुनै पनि कार्यक्रममा सहयोग नगरेको हुँदा यसपटक केही रकम चन्दा दिने आशयले पैसा लिएर आएका थिए । आफ्नो ब्रिफकेसमा रहेको एक लाख रुपैयाँको गड्डीबाट केही हजार रुपैयाँ सबैको सामु झिकेर दिने र आफ्नो आर्थिक हैसियत खुलासा गराउने मन भएका गोपाललाई अचानक त्यो पूरै गड्डी पुस्तकालयको व्यवस्थापनको लागि दिने र त्यसको सट्टा योकोले धन्यवाद दिने प्रक्रियामा आफूले उनलाई जीवनले जस्तो आलिङ्गन गर्ने मात्र होइन, राम्रोसँग चुम्बन गरेर सबैको सामु आफ्नो स्तर माथि रहेको कुरा प्रकट गर्ने अनौठो विचार आयो ।

'मित्रहरू, म प्रमुख अतिथि योकोको मानवीय भावनाबाट अति नै प्रभावित भएँ र उहाँलाई पुस्तकालय व्यवस्थापन गर्न सहयोग पुऱ्याउन एक लाख रुपैयाँ अर्पण गर्न चाहन्छु' भन्दै गोपालले ब्रिफकेसबाट एक लाख रुपैयाँको गड्डी निकालेर योकोतिर दृष्टि दिए । उनी बसेको ठाउँबाट उठेर गोपालको नजिक आइन् । गोपालले त्यो गड्डी योकोलाई दिए भने सहभागीहरूले पहिलेजस्तै करतल ध्वनिले खुसियाली प्रकट गरे । योकोले रुपैयाँको त्यो गड्डी नजिकै उभिएका जीवनलाई दिइन् र 'धेरै धेरै धन्यवाद !' भन्दै झुकेर गोपाललाई नमस्कार गरिन् । तर, गोपालले आफ्नो हात अघि बढाएकाले योकोले त्यस्तै गरी झुकेर हात पनि मिलाइन् । गोपालको आशा पानीमा मिल्यो, उनले चाहेर पनि योकोको नजिक हुन सकेनन् । जीवनसँग आलिंगनबद्ध हुँदा योकोका आँखा रसाएका थिए र ओठ फरफराएका थिए तर गोपाल नजिक हुन खोजेको आभाष पाउँदा झुकेर नै धन्यवाद प्रकट गरेको बहाना गर्दै मुखमा बनावटी मुस्कुराहट ल्याएर उनले आफ्ना ओठहरू बन्द गरिन् भने हात यसरी मिलाइराखिन् कि गोपाल अलि टाढा नै रहन बाध्य भए ।

कार्यक्रम विसर्जनपछि योको सबैजना गाउँले साथीहरूसँग कुरा गर्न व्यस्त भइन् भने गोपालले आफ्नो ड्राइभरलाई बोलाए र त्यहाँबाट हिंड्ने संकेत गर्दै गाडीमा बसे । हिंड्न लागेको देखेर जीवन दौड्दै आए र आजको भोजनको व्यवस्था गोपालको घरमा नै हुने भएकाले उनलाई नजान अनुरोध गरे, तर गोपालले सुनेको नसुन्यै गरी ड्राइभरलाई गाडी चलाउन निर्देशन दिए ।

'मेरो घरमा नै भोजनको व्यवस्था रे ?' अनायास गोपालले मनैमन प्रश्न गरे ।

'कस्ता होलान् त्यसका हात ? छिः त्यस्तीले पकाएर पस्केको खान म बसिरहने ?' भन्ने अर्को प्रश्न मनमा ल्याउँदै पट्पट्ती फुटेर काला भएका हातका औंलाहरूमा बढेका नङ र ती नङभित्र अड्केको फोहोरसहित दालको कचौरामा चुर्लुम्म औंला डुबाएर दिने खाने कुरा खाएपछि आफ्नो स्वास्थ्य कस्तो हुन्थ्यो होला' भन्ने कल्पना गरेर डराउँदै उनले आफ्नी श्रीमतीको कुरूपताको कल्पना गरे । तर त्यो कल्पना मात्र थियो । उनले जीवनमा आफ्नी श्रीमतीलाई राम्रोसँग हेरेका थिएनन् । सानोमा बिहे गर्दा उनले लाजले पत्नीलाई हेरेका थिएनन् भने काठमाडौं गएपछि शहर बजारका सुन्दर युवतीहरूको सम्पर्कमा आएका हुँदा गाउँलेहरू राम्रा हुँदैनन् भन्ने भावनाबाट प्रेरित भएर गाउँका कामकाजी महिलाको कुरूपताको मात्र तस्वीर उनले आफ्नो मनमा राखेका थिए । अमेरिकामा गएपछि त उनको संसार नै बदलिएको थियो । तर पनि नेपालमा नै शहर बजारकी पढे लेखेकी राम्री केटीसँग बिहे गरेर उसलाई पनि अमेरिका लैजाने धुनमा भएका

गोपाललाई वाल्यावस्थामा बिहे गरेर ल्याएकी र आफ्नो बाबाआमाको स्याहार सुसार गर्ने नोकर्नीको रूपमा रहेकी मानिसलाई समयसमयमा केही पैसा पठाइदिने भन्दा उसको बारेमा अन्य राम्रा कुरा सोच्नु अनावश्यक लाग्दथ्यो । त्यसैले उसले पकाएको कुरा खाने भन्ने कल्पनाले मात्र पनि गोपाल डराए ।
'तर के ती जापानी परीले पनि त्यहीं खाने हुन् ?' गोपालको मनमा फेरि अर्को प्रश्न उब्जियो र के सोचेर हो घर फर्कने विचार गर्दै उनले ड्राइभरलाई गाडी फर्काउन निर्देशन दिए ।
गोपाल घरमा आउँदा जीवन, योको र अन्य दुईजना मानिस पछाडिपट्टि कोठामा भोजन गरिरहेका थिए । सफासँग लिपेको उज्यालो कोठामा गुन्द्री र काम्लो बिछ्याइएको र त्यसमा बसेर अन्य साथीहरूसहित योको पनि मीठो मानेर हातले नै खाइरहेकी थिइन् । त्यहाँ आएपछि सर्वप्रथम खानेकुरा थपिरहेकी आफ्नी पत्नीका हातमा गोपालले दृष्टि पुऱ्याए तर उनले खोजेको कुरूपता र नङभित्रको फोहोर त्यहाँ भेटाएनन् । उनी स्तब्ध भए, त्यहाँ त रगतै चुहिएलाजस्ता रसिला र पोटिला हात थिए । उनलाई भ्रम भयो, त्यो कोही अरू मानिस त होइन भनेर नचाहँदा नचाहँदै आफ्नी पत्नीको मुख हेर्न उनी बाध्य भए । हो, आक्कलझुक्कल देखिएको त्यो अनुहार उनकै पत्नीको थियो । त्यो अनुहार कस्तो थियो भनेर विश्लेषण गर्नपट्टि नलागेर उनी फेरि हातमा नै ओर्ले र आफूले अमेरिकामा सम्पर्क गरेका कति सुन्दर भनिने युवनीका हातसँग ती हातको तुलना गर्न थाले । तर ती सबै हातहरूमा उनले यस्तो नरम र रसिलोपना भेटाएको जस्तो लागेन ।
गोपाल सोचाइमा व्यस्त रहेको समयमा उनकी पत्नीले एउटा थालमा भोजनको परिकार उनको लागि पनि ल्याइन् र बस्ने आसनको व्यवस्थासहित खानको लागि चम्चासमेत टक्र्याइन् । अब गोपालले अरू बढी नसोचेर भोजनको लागि आसन जमाए । खाने बेलामा योकोले 'धेरै मीठो छ' भनेको कुरालाई भद्रता र शिष्टता प्रकट गरेको होला भन्ने सम्झेका गोपाललाई आफ्नी पत्नीले पकाएको भोजनको परिकार अति नै मीठो लाग्यो, कताकता भित्री मनले 'जीवनमा पहिलोपटक यति मीठो खान पाइयो' भन्न खोजेजस्तो लाग्यो, तर प्रकट गर्न सकेनन् ।
भोजनपछि योको बिदा हुने तरखरमा लागिन् । जीवन र अरू साथीहरूले गोपाल जाने होलान् भन्ने सम्झेर योकोलाई सँगै लैजान अनुरोध गर्दै थिए, तर गोपाललाई किन हो किन हिंडिहाल्ने मन नभएर एकपटक आफ्नी पत्नीका हात समाउने इच्छा जागेको थियो । त्यति नै बेला योको गोपालकी पत्नीसँग बिदा हुन लागिन् र उनलाई अँगालोमा कँसेर धेरैबेर चुम्बन गरिन् । त्यसपछि पनि उनका हात समातिरहेर योकोले आँसु डब्डबाएका आँखाले उनलाई हेरिरहिन् । सबैले ती दिदीबैनीको बिदाइको प्रक्रियालाई भावुक भएर हेरिरहे भने गोपालको दृष्टि आफ्नी पत्नीको अनुहार र रसिला ओठमा स्थिर रह्यो । ती जापानी परीले चुसेका नेपाली ओठहरूलाई हेरेर गोपालले अभूतपूर्व आनन्दको अनुभूति प्राप्त गरे । अहिलेसम्म आफू खाली बनावटी सुन्दरतामा झुमिरहेको र संसारको वास्तविक सुन्दरता बल्ल पहिलोपटक देखेको कुरामा उनी विश्वस्त भए र आफू त्यहाँबाट नहिंड्ने विचारमा पुगे ।
त्यसपछि गोपालले आफू केही दिन घरमा नै बस्ने हुँदा आफ्नो गाडीमा योकोलाई जान अनुरोध गरे र ड्राइभरलाई त्यसैअनुरूप निर्देशन दिए । अब गोपाल आफ्नी पत्नीसँग बस्ने कुरा थाहा पाएपछि योको धेरै खुसी भइन् र गोपालसँग पनि हार्दिकतापूर्वक बिदा हुने विचार गर्दै हात मिलाउन अघि बढिन् । अहिले हात मिलाउँदा पहिलेजस्तो गोपाललाई पर राख्ने नियत नभएर आफूतिर तान्ने उनको भित्री इच्छा थियो, तर गोपालले धेरै शिष्टता र भद्रतापूर्वक हात मिलाउँदै योकोलाई गाडीभित्र बसाले ।
चलिरहेको गाडीबाट हात हल्लाउँदै गएकी योकोका थरथराइरहेका ओठले गोपालले आशा गरेको बेलामा निराश गराएको दोषी भावना प्रकट गर्न खोजेको कुरा बुझेर पनि गोपालले त्यतातिर नसोचेर वर्षौंदेखि तिर्खाइरहेका अर्कै ओठहरूमा दृष्टि पुऱ्याए, जहाँ उनको सिंगो संसार थियो । केही समय पहिलेसम्म सबै गाउँलेको सामु जापानी युवतीलाई चुम्बन गर्न तम्सिएका गोपाल अब यति शिष्ट र भद्र भइसकेका थिए कि आफ्नी पत्नीलाई चुम्बन गर्न पागल भइरहेको मनलाई जबर्जस्ती रोकेर उनको हात मात्र समात्न पुगे र भने- 'मीना, अब म घरमै बस्दछु, परदेश जान्न ।' मीनाले लाज मान्दै सुस्तरी आफ्नो हात पतिको हातबाट छुटाइन् र पछाडि फर्केर तरर्र आँसु खसालिन् ।